# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN (NEWSLETTER)

वर्ष २८. अकं ५, असार/साउन २०७९ June/July 2022


## मार्केटिङ सम्बन्धी सेमिनार सम्पन्न




उद्योग वाणिज्य संघ–चितवनको सभाकक्षमा मिति २०७९ साउन १७ एक दिवसिय सेमिनार सम्पन्न भएको छ। उद्योग वाणिज्य संघ–चितवन आयोजनामा मार्केटिङ र भावी मार्केटिङ सम्बन्धी सेमिनार सम्पन्न भएको हो । वर्तमान परिप्रेक्ष्यमा बजारीकरणको अवस्था, यसको सम्भावना र प्रभावकारी बजारीकरणका सम्बन्धमा व्यवसायीलाई जानकारी गराउने उद्देश्यले सेमिनारको आयोजना गरिएको हो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ–चितवनका अध्यक्ष

*...बाँकी ३ नं. पेजमा*

## नेउवामहासंघ बागमती प्रदेशका विभिन्न कार्यगत बैठक एवं सचिवालय प्रमुखहरूको भावी कार्यक्रमहरूको बारेमा छलफल

मिति २०७९ साउन २० गतेका दिन नेपाल उद्योग वाणिज्य महासंघ, बागमती प्रदेशका विभिन्न कार्यगत समितिको बैठक एवं सचिवालय प्रमुखहरूको भावी कार्यक्रमका बारेमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । बागमती प्रदेश उद्योग वाणिज्य संघका अध्यक्ष दिलसुन्दर श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ–चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले संघको


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:2015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोन: ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

URL: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृट गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक:**
विज्ञानलाल श्रेष्ठ - कार्यसमिति सदस्य

**सदस्यहरु:**
शिवप्रसाद ओभा, दुर्गाप्रसाद गौतम, रोहितकुमार श्रेष्ठ, यमप्रसाद घिमिरे, उद्धव जोशी, महादीप श्रेष्ठ

**सल्लाहकारहरु:**
राजेन्द्र ओली, सिद्धार्थलाल चुके, रामशरण सिलवाल

**सम्पादक:**
गणेश सुवेदी-सदस्य सचिव

**ले-आउट / डिजाइन:**
सन्देश पौडेल - सूचना प्रविधि अधिकृत




अवस्था लगाएत भावी कार्ययोजनाको बारेमा प्रस्तुति गर्नुभएको थियो । सोही अवसरमा नेपाल उद्योग वाणिज्य महासंघले सदस्य उद्योग वाणिज्य संघहरूलाई सदस्यता प्रमाणपत्र समेत वितरण गरेको थियो ।

## नेउवामहासंघ बागमती प्रदेशका विभिन्न कार्यगत बैठक एवं सचिवालय प्रमुखहरुको भावी कार्यक्रमहरुको बारेमा छलफल



२०७९ साउन २२ गतेका दिन एसिएन डेभलपमेन्ट बैंक (ADB) का प्रतिनिधिसँग भरतपुर महानगरपालिकाको फोहोर व्यवस्थापन तथा सङ्कलनका क्षेत्रमा कार्यरत कर्मचारीहरूको पेशालाई मर्यादित बनाउँदै नवप्रवर्तनमा समेत विकास गर्ने सम्बन्धमा संघको सचिवालयमा छलफल कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा ADB का सामाजिक इन्जिनियर डा. शंकर ढकालले उद्योग वाणिज्य संघ-चितवनसँग सहकार्य गर्ने इच्छा व्यक्त गर्नुभएको थियो भने उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । छलफल कार्यक्रम संघको सचिवालयमा सम्पन्न भएको थियो । छलफलमा ADB का प्रतिनिधि दीपक पाण्डे एवं संघका कार्यकारी निर्देशक निलबहादुर के.सीको सहभागीता रहेको थियो ।

...बाँकी

चुननारायण श्रेष्ठले उद्योगबाट उत्पादित वस्तु तथा सेवालाई प्रभावकारी ढङ्गले क्रेतासम्म पुऱ्याउनमा व्यवसायीमा बजारीकरणको गहिरो ज्ञान हुनुपर्ने आवश्यकता औंल्याउनु भयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले व्यवसायलाई लामो समयसम्म निरन्तरता दिनका लागि बजारीकरणलाई सूचना प्रविधिसँग जोडेर लैजानुपर्ने बताउनुभयो । उहाँले वर्तमान विश्वव्यापीकरण तथा आार्थिक उदारीकरणको अवस्थामा ग्राहक संवेदनशिल र बजार जटिल बन्दै गएको बताउँदै विश्वबजारमा भएका परिवर्तनलाई आत्मसात् गर्दै व्यवसाय सञ्चालन गर्नुपर्ने वताउनुभयो । कार्यक्रमका प्रमुख मध्यस्थकर्ता एवम् कन्टेन्निएल कलेज टोरन्टो क्यानडाका प्राध्यापक डा. तुलसी धरेलले व्यवसायीले नाफा वृद्धि गर्नमा जोड नदिई वस्तु तथा सेवाको विक्री वितरणमा केन्द्रित हुनुपर्ने वताउनु भयो । कार्यक्रममा प्रस्तुतीकरण दिंदै प्रा. डा. धरेलले व्यापार वृद्धिमा मार्केटिङको भूमिका, मार्केटिङ के हो र किन आवश्यक छ, मार्केटिङ भित्र के-के पर्दछन् भन्ने कुराका साथसाथै विश्वबजारमा मार्केटिङको भूमिकाको विषयमा जानकारी दिनुभएको थियो । लामो समयदेखि क्यानडामा अध्यापन गराउँदै आउनुभएका डा. धरेलले बजारीकरणका अन्तराष्ट्रिय अभ्यासका बारेमा समेत प्रस्तुतीकरण दिनुभएको थियो । संघका सदस्य, विभिन्न वस्तुगत संघका सदस्य लगायत उद्यमी व्यवसायीलाई लक्षित गरी आयोजना गरिएको उक्त कार्यक्रममा ८० जना व्यवसायीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षद्वय राजेन्द्र ओली, सिरिष पन्त लगाएत उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरू र युवा उद्यमीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थित सहभागीलाई धन्यवाद ज्ञापन गर्दै संघका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले संघले समय समयमा सदस्य व्यवसायीलाई आवश्यक पर्ने तालिम, सेमिनार तथा गोष्ठीको आयोजना गर्दै आइरहेको बताउँदै आजको कार्यक्रमले सहभागीमा उर्जा थपेको वताउनु भयो। संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम उवासंघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो।

## विक्रयकला तथा बजारीकरण सम्बन्धी तालिम सम्मन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा मिति २०७९ साउन २३ गते एक दिवसिय तालिम सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ-चितवन र फेन्सी व्यवसायी संघ चितवनको संयुक्त आयोजनामा विक्रयकला तथा बजारीकरण सम्बन्धी तालिम सम्पन्न भएको थियो । फेन्सी व्यवसायीहरूलाई लक्षित गरी गरिएको यस तालिमले व्यवसाय प्रवर्द्धनका साथसाथै बजारीकरणको अवस्था र वस्तु विक्री गर्ने कला सम्बन्धी व्यवसायीलाई जानकारी गराउने उद्देश्यले तालिमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले अहिले को बजारमा विश्वव्यापीकरणले ल्याएको परिर्वतनमा परिवर्तित हुदै विक्रेताहरूलाई वस्तु विक्री गर्ने कला सम्बन्धी जानकारी दिने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको वताउनुभयो। अध्यक्ष श्रेष्ठले बजार मा जसको व्यवसायमा नेटवर्क बढी हुन्छ उसको सेल्स पनि बढी हुने कुरा बताउँदै उहाँले नेटवर्क बढाउन व्यवसायलाई सूचना प्रविधिसँग जोड्नुपर्ने साथै विक्री बढाउनका लागि




क्रेता सन्तुष्ट गराउनुपर्ने वताउनुभयो । कार्यक्रमका प्रमुख मध्यस्थकर्ता एवम् कन्टेन्निएल कलेज टोरन्टो क्यानडाका प्राध्यापक डा. तुलसी धरेलले कार्यक्रममा प्रस्तुतीकरण दिँदै सेल्स भनेको के हो, मार्केटिङ भनेको के हो, व्यापारमा मार्केटिङको आवश्यकता, ग्राहक सन्तुष्टि किन आवश्यक छ र यो कसरी प्राप्त गर्न सकिन्छ, सफलताको रहस्य के होला, ब्राण्डीङ भनेको के हो, भन्ने कुराको साथसाथै विश्वबजारमा विक्रयकला सम्बन्धी विभिन्न उदारणहरू समेत दिनुभएको थियो। कार्यक्रममा फेन्सी व्यवसायी संघ चितवनका अध्यक्ष माधवप्रसाद अधिकारीले तालिममा उपस्थित सम्पूर्णलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ चितवनसँग सहकार्य गरेर तालिम सञ्चालन गर्न पाएको मा उद्योग वाणिज्य संघ चितवनलाई धन्यवाद दिनुहुँदै आगामी दिनहरूमा पनि सहकार्य गरिरहने वताउनुभयो । उद्योग वाणिजय संघका सदस्य, फेन्सी व्यवसायी संघका सदस्य लगायत उद्यमी व्यवसायीलाई लक्षित गरी आयो जना गरिएको उक्त कार्यक्रममा १०० जना व्यवसायीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षत्रय चिरञ्जीवी सुवेदी, राजेन्द्र ओली, सिरिष पन्त लगाएत उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्यहरू, फेन्सी व्यवसायी संघका र फेन्सी साकोसका पूर्व अध्यक्ष, पदाधिकारी, कार्यससिति तथा युवा उद्यमीहरूको उपस्थिति रहेको थियो । फेन्सी व्यवसायी संघ चितवनका तालिम संयोजक सन्तोष पण्डितले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम फेन्सी व्यवसायी संघका अध्यक्ष माधवप्रसाद अधिकारीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रम उवासंघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सी.ले सञ्चालन गर्नुभएको थियो।

## बैंकिङ तथा कर सम्बन्धी तालिम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको साभाहलमा मिति २०७९ साउन २८ गते एक दिवसिय बैंकिङ तथा कर सम्बन्धी तालिम उद्योग वाणिज्य संघ-चितवन र नारायणढ जेसीजको सयुक्त आयोजनामा सम्पन्न भएको थियो। व्यवसायीहरूलाई बैंकिङ नीति तथा कर सम्बन्धी जानकारी दिने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले व्यवसायलाई सक्षम व्यवस्थित ढंगबाट व्यवस्थापन गर्नका लागि बैंकिङ तथा कर नीतिहरूसँग अपडेट




भइरहनुपर्ने वताउनुभयो । उहाँले सरकारले लिएका बैंकिङ तथा कर सम्बन्धी नयाँ नीति, लगायतका विषयमा व्यवसायीलाई जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको वताउनुभयो । कार्यक्रममा बैंकिङ नीति सम्बन्धी सुवर्ण बुढाथोकी र कर सम्बन्धी विमन कार्कीले प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षक सुवर्ण बुढाथोकीले बैंक र व्यवसायको सम्बन्धका बारेमा व्यवसायीहरूलाई जानकारी दिनुभएको थियो भने कर सम्बन्धी प्रशिक्षक विमान कार्कीले व्यवसाय र करको बारेमा व्यवसायीहरूलाई जानकारी दिनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठ, उपाध्यक्षद्वय चिरञ्जीवी सुवेदी र राजेन्द्र ओली नारायणगढ जेसीजका पूर्व अध्यक्षहरू, उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति, वस्तुगत संघका अध्यक्ष एवं प्रतिनिधि, नारायणगढ जेसीजका कार्यसमिति र व्यवसायी सहित ७० जना उपस्थित रहेको थियो । नारायणगढ जेसीजका अध्यक्ष अमृतकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रम नारायणगढ जेसीसका परिवर्तन रेग्मीले सञ्चालन गर्नुभएको थियो ।



## उद्योग वाणिज्य संघ-चितवनको

### सदस्यता नविकरण गर्ने सम्बन्धी सूचना ।

उद्योग वाणिज्य संघ-चितवनको विधान (परिच्छेद ४ धारा ११) बमोजिम आ.व. २०७९/२०८० को **सदस्यता नविकरण** प्रत्येक वर्षको असोज मसान्त भित्रमा गर्नु पर्ने व्यवस्था भए बमोजिम हालसम्म पनि आफ्नो सदस्यता नविकरण नगर्नु भएका सदस्यहरूले यही असोज मसान्त भित्रमा नविकरण गर्नुहुन सूचित गरिन्छ । साथै आ.व. २०७८/२०७९ को सदस्यता नविकरण नगर्नुभएका सदस्यले समेत नियमानुसारको शुल्क बुझाएर नविकरण गर्न सकिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।


» Online Renewal Portal : www.office.ccichitwan.org.np/esewa

**विस्तृत जानकारीको लागि:**

संघको सचिवालय
भमनपा १, नारायणी मार्ग
फोन ०५६ ५९६१०८,५९६२०८, ५९६३०८
*Email: ccicchitwan@gmail.com*

# उद्योग वाणिज्य संघ-चितवन
## २०७९ साउन महिनाको विभिन्न कार्यक्रमा संघको सहभागिता विवरण

| क्र.सं. | कार्यक्रम मिति | कार्यक्रममा सहभागिको नाम | कार्यक्रमको नाम | आयोजक संस्था |
|---|---|---|---|---|
| १ | २०७९ साउन ०५ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष) | राजश्व परामर्श समिति बैठक | भरतपुर महानगरपालिका |
| २ | २०७९ साउन ०६ गते | श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष)<br>डा.रेवन्तकुमार भट्टराई (विशिष्ठ सदस्य)<br>श्री निलबहादुर के.सी (कार्यकारी निर्देशक) | Embassy या swiss संग छलफल तथा अन्तरक्रिया कार्यक्रम | हेल्भटास नेपाल |
| ३ | २०७९ साउन ०६ गते | श्री चिरञ्जीवी सुवेदी (प्र. उपाध्यक्ष) | प्राङ्गारिक उत्पादन प्रमाणीकरण सम्बन्धी कार्यसाला | नेपाल जनस्वास्थ्य प्रतिष्ठान |
| ४ | २०७९ साउन ०६ गते | श्री राजेन्द्र ओली (द्वितीय उपाध्यक्ष) | Aceone App Lunching Program | Aceone Builders Pvt. Ltd |
| ५ | २०७९ साउन ०९ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | डिजिटल एशोसिएशन नेपाल साधारण सभा | डिजिटल एशोसिएशन नेपाल |
| ६ | २०७९ साउन १३ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | Strategic Planning Workshop | AFU रामपुर |
| ७ | २०७९ साउन १९ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | Heritage Conservation | Meat and Greet |
| ८ | २०७९ साउन २० गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | पर्यटन व्यवसाय सम्बन्धमा | नेकपा एमाले केन्द्रीय समिति |
| ९ | २०७९ साउन २० गते | श्री निलबहादुर के.सी (कार्यकारी निर्देशक) | सचिवालय प्रमुखहरूको छलफल | नेउवामहासंघ बागमती प्रदेश |
| १० | २०७९ साउन २१ गते | **श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष)** | राजश्व परामर्श बैठक | भरतपुर महानगरपालिका |
| ११ | २०७९ साउन २२ गते | श्री रुद्र सुवेदी ( कार्यसमिति सदस्य) | बालाजी बहुउद्देश्यीय सहकारी संस्था लि. को शुभारम्भ कार्यक्रम | बालाजी बहुउद्देश्यीय सहकारी संस्था लि. |
| १२ | २०७९ साउन २३ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष)<br>डा. रेवन्तकुमार भट्टराई (विशिष्ट सदस्य) | पशुपंक्षीको दररेट निर्धारण | पशुपंक्षी सेवा कार्यालय |
| १३ | २०७९ साउन २३ गते | श्री चिरञ्जीवी सुवेदी (प्रथम उपाध्यक्ष) | राजश्व परामर्श बैठक | भरतपुर महानगरपालिका |
| १४ | २०७९ साउन २४ गते | श्री चुननारायण श्रेष्ठ (अध्यक्ष) | प्रदेश स्तरीय अपराध अनुसन्धान समिक्षा गोष्ठी | बागमती प्रदेश प्रहरी कार्यालय |
| १५ | २०७९ साउन २५ गते | श्री सुमनकुमार श्रेष्ठ (वरिष्ठ उपाध्यक्ष) | नारायणी किनार व्यवस्थापन समिति बैठक | भरतपुर महानगरपालिका वडा नं १ |


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference
Hall accomodating 500 people
"A Home After Your Home"

# नारायणगढ बजारको मिति २०७९ भदौ ६ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो(वार) | प्रति क्वि. | ४५०० |
| २. धान मन्सुली(सावा) | प्रति क्वि. | ४१०० |
| ३. साना मंसुली | प्रति क्वि. | |
| ४. धान मोटो सावित्री | प्रति क्वि. | |
| ५. धान मोटो नया | प्रति क्वि | ३५०० |
| ६. चामल मसिनो (वार) | प्रति क्वि | ८६०० |
| ७. चामल मन्सुली (सावा) | प्रति क्वि | ७००० |
| ८. चामल मोटो सावित्री | प्रति के.जी. | ५५०० |
| ९. मकै | प्रति क्वि. | ३६०० |
| १०. गहुँ | प्रति क्वि. | ३८०० |
| ११. कोदो | प्रति क्वि. | ४८०० |
| १२. फापर | प्रति क्वि. | ८३०० |
| १३. चना | प्रति के.जी. | ९२ |
| १४. केराउ | प्रति के.जी. | १३५ |
| १५. भटमास | प्रति के.जी. | १७० |
| १६. रहर दाल | प्रति के.जी. | १७० |
| १७. मसुरी दाल | प्रति के.जी. | १५५ |
| १८. मासको दाल | प्रति के.जी. | १५५ |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १५० |
| - दाना सम्बन्धी | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ९० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ९० |
| ग. लेयर्स कुखुरा १ नं. | प्रति के.जी. | - |
| घ. क्याटल फिड | प्रति के.जी. | - |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २०. आलु | प्रति के.जी. | ३६ |
| २१. प्याज | प्रति के.जी. | ३८ |
| २२. तोरीको तेल | प्रति १० ली. | ३००० |
| २३. भटमासको टेल | प्रति १० ली. | २७८० |
| २४. बनस्पति घ्यू | प्रति १० के.जी. | ३०० |
| २५. नुन | प्रति के.जी | २० |
| २६. जिरा | प्रति के.जी. | ४५० |
| २७. मरिच | प्रति के.जी. | १००० |
| २८. धनियाँ | प्रति के.जी. | ३०० |
| २९. क. सुन | प्रति तोला | ९७३०० |
| ख. चाँदी | प्रति तोला | १२५० |
| ३०. कर्कट पाता | | |
| क. २४ गेज (रंगीन) | प्रति वण्डल | १७२०० |
| ख. २६ गेज | प्रति वण्डल | १३३०० |
| ३१. छड | | |
| क. ७ मि.मि.(J/S) | प्रति के.जी | १३० |
| ख. ८ मि.मि. | प्रति के.जी | ११२।५ |
| ख. १० मि.मि. | प्रति के.जी | १०९ |
| ग. १२ मि.मि. | प्रति के.जी | १०९ |
| ३२. सिमेन्ट OPC शिवम् | प्रति बोरा | ७५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७५० |
| ख. निर्माण सिमेन्ट PPC | प्रति बोरा | ५८० |
| ग. निर्माण सिमेन्ट OPC | प्रति बोरा | ६८० |
| ३३. मासुजन्य पदार्थ | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | ४०० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | २४० |
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ७५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ६०० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ११०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ४०० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ४०० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | ४३० |
| ३४. दुग्धजन्य पदार्थ | | |
| क. दुध | प्रति लि. | ११० |
| ख. दही | प्रति लि. | ११० |
| ग. पनिर | प्रति के.जी. | ८०० |
| घ. क्रिम | प्रति लि. | ६०० |
| ङ. वटर | प्रति के.जी. | ९५० |
| च. घ्यू | प्रति के.जी. | १२०० |
| छ. खुवा | प्रति के.जी. | ११०० |

## पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुदै आइरहेको मासिक बुलटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक :

.............................................................
.............................................................
.............................................................
.............................................................
.............................................................
.............................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०